



# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

देशको आर्थिक सामाजिक विकासमा ६१ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष ३३ अंक १० | जेठ २०८३ | Year 33 Vol 10 | May/ June 2026


# राष्ट्रिय वाणिज्य बैंकले उदय परियोजना अन्तर्गत "कोशी प्रदेश साना तथा मझौला उद्यम कर्जा" मा लगानी गर्ने

**काठमाडौं, जेठ ७ गते**

साना तथा मझौला कर्जा लगानीलाई प्रोत्साहन गर्ने उद्धेश्यले राष्ट्रिय वाणिज्य बैंक र निक्षेप तथा कर्जा सुरक्षण कोष बीच भएको सम्झौता बमोजीम "सुरक्षण योगदानमा आधारित कर्जाको पोर्टफोलियो सुरक्षण योजना २०८२" कार्यान्वयन सुरु भएको छ ।

स्विजरल्याण्ड सरकारको Swiss Agency for Development and Cooperation र कोशी प्रदेश सरकारको संयुक्त लगानी रहेको उदय परियोजना अन्तर्गत कोशी प्रदेशमा सञ्चालित साना तथा मझौला उद्यम व्यवसायहरूमा प्रवाह हुने कर्जाको सुरक्षणका लागि प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश र निक्षेप तथा कर्जा सुरक्षण कोष बीच स्थापना भएको "कोशी प्रदेश साना तथा मझौला उद्यमी कर्जा सुरक्षण कोष"बाट कर्जा सुरक्षण हुने गरी योजना सञ्चालन गर्न लागिएको हो ।




यस योजना अन्तर्गत बैंकको RBB SME Loan प्रोडक्ट पेपरको अधिनमा रही साना तथा मझौला स्तरका कृषि, उद्योग, सेवा व्यवसाय आदि क्षेत्रमा रु. ३० लाख देखि रु. ३ करोडसम्मको कर्जा प्रवाह गरिनेछ । उक्त कर्जामा बैंकको नियमानुसार न्यूनतम ब्याजदर र प्रशोधन शुल्क कायम गरिएको छ । ■


## राष्ट्रिय वाणिज्य बैंकद्वारा जुम्लाको सिंजामा शाखा विस्तार



**काठमाडौं, जेठ २७ गते**

राष्ट्रिय वाणिज्य बैंकले जुम्ला जिल्लाको सिंजा गाउँपालिका वडा नं ३ नराकोटमा शाखा कार्यालय सिंजा सञ्चालनमा ल्याएको छ । जेठ २६ गतेदेखि सञ्चालनमा ल्याईएको उक्त शाखाको शाखा प्रबन्धक देवराज उपाध्यायले सिंजा गाउँपालिकाका अध्यक्ष पुर्ण प्रसाद

बाँकी पृष्ठ ४ मा

# प्रमुख कार्यकारी अधिकृतको सन्देश



**देवेन्द्र रमण खनाल**
प्रमुख कार्यकारी अधिकृत

सम्पूर्ण कर्मचारी मित्र, ग्राहकवर्ग एवं सरोकारवालाहरूमा हार्दिक नमस्कार !

नेपाल सरकारले आर्थिक वर्ष २०८३/८४ को वित्त नीति (बजेट) जारी गरिसकेको छ। उक्त नीतिले मुद्रास्फीतिलाई ६ प्रतिशतमा सिमित गर्दै ७ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य राखेको छ। साथै नेपालको अर्थतन्त्र ७ वर्षभित्र १०० अर्ब डलरको बनाउने दीर्घकालीन लक्ष्य राखेको बजेटले बैंकिङ प्रणालीको स्थायित्व, खराब कर्जा व्यवस्थापन एवं डिजिटल अर्थतन्त्रको विस्तारलाई मुख्य प्राथमिकता दिएको छ।

कर्मचारी मित्रहरू, सरकारले प्रस्तुत गरेको बजेटको मर्मलाई आत्मसात गर्दै हामीले हाम्रो सेवा प्रवाहलाई छिटोछरितो, चुस्तदुरुस्त र प्रविधिमैत्री बनाउँदै लग्नुपर्छ। परम्परागत कार्यपद्धतिमा सुधार ल्याई ग्राहकको आवश्यकता बमोजिमका नविनतम बैंकिङ सेवाहरू सञ्चालनमा ल्याउन हामी तत्पर रहनुपर्दछ। विशेष गरी युवावर्गलाई लक्षित गरी डिजिटल माध्यमबाट कर्जा प्रवाह गर्ने तथा उद्धमशिलता प्रवर्द्धन गर्ने कार्यमा हाम्रो बैंकका सेवासुविधाहरू केन्द्रित हुनुपर्छ। हामीले डिजिटल भुक्तानी प्रणालीलाई थप मजबुत र सुरक्षित बनाउँदै डिजिटल लेन्डिङ्ग र फिन्टेकको प्रयोगलाई प्राथमिकताका साथ प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्छ।

कर्मचारी मित्रहरू, हामीले ध्यान दिनुपर्ने अर्को महत्वपूर्ण पाटो खराब कर्जा व्यवस्थापन हो। गत वैशाख मसान्तसम्म राष्ट्रिय वाणिज्य बैंकको खराब कर्जा अनुपात (NPA) ४.४४ प्रतिशत रहेको छ। NPA व्यवस्थापन गर्न हामीले शाखा कार्यालय, प्रादेशिक कार्यालय र केन्द्रिय कार्यालय स्तरमा आवश्यक रणनीति तर्जुमा गरी अगाडि बढ्नुपर्छ। २०८३ असार मसान्तसम्म NPA Managementलाई उच्च प्राथमिकता दिने र तत्पश्चात् व्यावसाय विस्तारमा केन्द्रित हुने गरी हामी अगाडि बढ्नुपर्दछ।

नेपाल सरकारको १०० बुँदे कार्यसूची बमोजिम ग्राहक मैत्री एवं ग्राहक केन्द्रित सेवा प्रवाहमा जोड दिँदै हामीले गुनासो नआउने गरी चुस्त एवं गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्नुपर्दछ। यस सम्बन्धमा बैंकले जारी गरेको परिपत्र एवं निर्देशनहरूको पूर्णतः परिपालनामा हाम्रो विशेष ध्यान जानुपर्दछ। नागरिकलाई सुशासनको प्रत्याभूति गराउने सन्दर्भमा डिजिटल सेवाहरूलाई थप प्रभावकारी एवं गुणस्तरीय बनाई उपलब्ध गराउनुपर्दछ।

अन्त्यमा, सम्पूर्ण कर्मचारी मित्र, ग्राहकवर्ग एवं सरोकारवालाहरूमा नेपाल सरकारद्वारा घोषित नीति, कार्यक्रम तथा बजेटको सफल कार्यान्वयनका निमित्त बैंकले खेल्नुपर्ने भूमिकामा आवश्यक सहयोग गर्न एवं सुशासनसंगै समृद्धिको लक्ष्य हासिल गर्ने यात्रामा सहयात्री बन्न हार्दिक अपिल गर्दछौं। धन्यवाद ! ■

# राष्ट्रिय वाणिज्य बैंकद्वारा अनलाइन प्रणालीमार्फत धितो बन्धक रोक्का/फुकुवा सम्बन्धी सेवा सञ्चालन



**काठमाडौं, जेठ २७ गते**

नेपाल सरकारको शासकीय सुधार सम्वन्धी कार्यसूची अन्तर्गत नतिजामा आधारित शासकीय प्रवन्ध (Delivery–Based Governance) लागु गर्न, नागरिकलाई छिटो सहज तथा पूर्वानुमानयोग्य समय (Predictable Time) मा उपलब्ध गराउन तथा सेवा प्रक्रियालाई मुहारविहीन, समयबद्ध (Faceless, time–bound) तथा डिजीटल प्रणालीमा रुपान्तरण गर्ने लक्ष्य अनुरुप राष्ट्रिय वाणिज्य बैंकले अनलाइन प्रणाली मार्फत धितो बन्धक रोक्का/फुकुवा गर्ने कार्य शुरु गरिसकेको छ। बैंकले हालसम्म ८०० वटा भन्दा बढी धितो बन्धक रोक्का/फुकुवा सोही प्रणाली मार्फत गरिसकेको छ।

यस अघि अनलाइन प्रणाली मार्फत धितो बन्धक रोक्का/फुकुवा गर्ने सम्बन्धमा नेपाल सरकार भूमि व्यवस्थापन तथा अभिलेख विभाग र राष्ट्रिय वाणिज्य बैंक लिमिटेड बीच समझदारी भएको थियो। धितोको जग्गा रोक्का तथा फुकुवा अनलाइन मार्फत गर्दा प्रक्रिया छिटोछरितो, पारदर्शी एवं सहज हुनुका साथै समय र खर्चको बचत एवं ग्राहक सन्तुष्टि अभिवृद्धि हुने अपेक्षा गरिएको छ। ■




# राष्ट्रिय वाणिज्य बैंकमा स्वास्थ्य सचेतना कार्यक्रम सम्पन्न



**काठमाडौं, जेठ १३ गते**

राष्ट्रिय वाणिज्य बैंकले कर्मचारीहरूका लागी स्वास्थ्य सचेतना कार्यक्रम सम्पन्न गरेको छ। सोमबार बैंकको केन्द्रिय कार्यालयमा आयोजित उक्त कार्यक्रममा वरिष्ठ मुटुरोग विशेषज्ञ डाक्टर ओममुर्ति अनिलले स्वस्थ जीवनशैलीका विषयमा प्रशिक्षण दिनुभयो। "खानपानदेखि दैनिक क्रियाकलाप र आनीबानीमा सामान्य सुधार ल्याउँदा मात्रै पनि त्यसले हाम्रो स्वास्थ्यमा महत्वपूर्ण भूमिका खेल्ने हुँदा यस विषयमा हामी आँफैले आँफैलाई सजग र जिम्मेवार बनाउनुपर्छ" प्रशिक्षणका क्रममा उहाँले भन्नु भयो।

विश्व स्वास्थ्य संगठन (WHO) को सन् १९४८ को प्रतिवेदनमा मानिसको स्वास्थ्यका शारीरिक, मानसिक र सामाजिक पक्षलाई विशेष महत्व दिइएको उल्लेख गर्दै उहाँले शारीरिक स्वास्थ्यका लागि पोषणयुक्त आहार, शारीरिक क्रियाकलाप र नियमित स्वास्थ्य जाँचमा जोड दिनुपर्ने बताउनुभयो। उहाँले बढी चिल्लो, तारेभुटेको र प्रशोधित खानेकुरा भरसक नखाने, रेसादार र प्रोटिनयुक्त खानेकुरालाई प्राथमिकता दिने साथै खानामा कार्बोहाइड्रेट, फ्याट र भिटामिनको सन्तुलन मिलाएर खानुपर्ने सल्लाह दिनुभयो। त्यसैगरी मानसिक रुपमा स्वस्थ रहन तनावमुक्त हुन प्रयास गर्ने, पर्याप्त मात्रामा आराम गर्ने र निद्रा पुऱ्याउने, योग ध्यान साधना गर्ने र मनोरञ्जनात्मक गतिविधिमा संलग्न हुने आदि विषयमा जोड दिनुपर्ने उल्लेख गर्नु हुँदै उहाँले सामाजिक रुपमा स्वस्थ रहनका लागि आफ्नो ख्याल आँफै गर्ने, परिवारलाई पर्याप्त मात्रामा समय दिने, सामाजिक कार्यमा संलग्न हुने र मानवताको भावनाले सेवामा समर्पित हुनुपर्ने बताउनु भयो। विशेष गरी महिला कर्मचारीहरूले घरपरिवार तथा कार्यालयको जिम्मेवारी संगसंगै बहन गर्नुपर्ने हुँदा आफ्नो स्वास्थ्यका सम्बन्धमा अझ बढी सजग रहनुपर्ने उहाँको भनाई थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्र रमण खनालले बैंकिङ क्षेत्रका कर्मचारीहरूले एकै ठाउँमा बसेर काम गर्नुपर्ने र बढी मानसिक श्रम गर्नुपर्ने हुँदा आफ्नो स्वास्थ्यका सम्बन्धमा कर्मचारी आँफै सजग हुनुपर्ने बताउनुभयो। उक्त कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृतद्वयः सरस्वती अधिकारी र विनय रमण पौडेल, उप-कार्यकारी अधिकृतहरू, विभिन्न विभागका विभागीय प्रमुखहरू लगायत कर्मचारीहरूको उपस्थिति रहेको थियो। डाक्टर अनिल राष्ट्रिय वाणिज्य बैंकको एक असल ग्राहक समेत हुनुहुन्छ। ■

## वित्तीय सचेतनामूलक सामग्री

### डिजिटल वित्तीय ठगी : कारण र बच्ने उपायहरू

इन्टरनेट बैंकिङ, मोबाइल बैंकिङ, डिजिटल वालेट, एटीएम, क्यूआर कोड, सामाजिक सञ्जाल, इमेल वा अन्य डिजिटल माध्यमको दुरुपयोग गरी व्यक्तिको पैसा, बैंक खाता वा वित्तीय जानकारी ठगी गर्ने कार्यलाई डिजिटल वित्तीय ठगी भनिन्छ। यसमा ठगहरूले झुटा सूचना दिने, प्रलोभनमा पार्ने, हुबहु नक्कली वेबसाइट खडा गर्ने, सर्वेक्षणमा सहभागी गराउने, सस्तो व्यापारको लोभ देखाउने, इमेलमा वा अन्य माध्यमबाट फिसिङ (Phishing) लिंक पठाउने, OTP माग्ने, QR Code स्क्यान गर्न लगाउने आदि कार्य गर्नुका साथै आफूलाई बैंक तथा वित्तीय संस्था वा सरकारी निकाय वा प्रतिष्ठित कम्पनीको कर्मचारी वा प्रतिनिधिको रुपमा प्रस्तुत गराई व्यक्तिगत एवं वित्तीय सूचना माग गर्ने, खातामा अनधिकृत पहुँच कायम गर्ने र खाताको रकम चोरी गर्ने कार्यमा संलग्न हुन्छन्।

**डिजिटल वित्तीय ठगीका सम्भावित कारणहरू**

१. **वित्तीय तथा डिजिटल साक्षरताको कमी:** डिजिटल बैंकिङ तथा साइबर सुरक्षाबारे पर्याप्त ज्ञान नहुनु, ठगीका नयाँ प्रविधि र तरिकाबारे जानकारी नहुनु, जथाभावी जोकोहीलाई आफ्ना गोप्य विवरण दिनु, चिनजान नभएको मान्छेसंग गफिनु, गफ या च्याट गर्दा व्यक्तिगत विवरणहरू आदानप्रदान गर्नु आदी।

२. **प्रलोभन र झुक्यानमा पर्नु :** "तपाईंको रकम डबल भैहाल्छ", "तपाईंलाई चिठ्ठा परेको छ", "तपाईंलाई विदेशबाट उपहार वा सामान आएको छ ", "छिटो नाफा हुने लगानीको स्किम हो", "तपाईंले राम्रो रोजगारीको अवसर पाउनु भएको छ" जस्ता झुटा आश्वासनमा विश्वास गर्नु।

३. **गोप्य जानकारी साझा गर्नु:** OTP, PIN, पासवर्ड, CVV, मोबाइल बैंकिङको User ID/Password अरूलाई दिनु, फोन वा सामाजिक सञ्जालमार्फत आएका सन्देशमा विश्वास गर्नु आदि।

४. **नक्कली वेबसाइट वा लिंक प्रयोग गर्नु:** फिसिङ (Phishing) लिंकमा क्लिक गर्नु र आफ्ना गोप्य विवरण प्रविष्ट गर्नु, नक्कली बैंकिङ एप वा वेबसाइट प्रयोग गर्नु, आधिकारिकता जाँच नगरी आफ्ना विवरण उपलब्ध गराउनु आदि।

५. **कमजोर सुरक्षा व्यवस्था:** परिवारका सदस्यको नाम, जन्म मिति जस्तै सजिलै अनुमान गर्न सकिने पासवर्ड राख्नु, दोहोरो प्रमाणीकरण (2FA, पासवर्ड संगै SMS जाँच) प्रयोग नगर्नु, सार्वजनिक Wi–Fi बाट वित्तीय कारोबार गर्नु आदि।

६. **सामाजिक सञ्जालको दुरुपयोग:** फेसबुक, व्हाट्सएप, भाइबर, टेलिग्राम आदिबाट आएका नक्कली अफर वा विज्ञापनमा विश्वास गर्नु, अपरिचित व्यक्तिसँग आफ्ना वित्तीय विवरण साझा गर्नु आदि।

७. **अनधिकृत एप डाउनलोड:** अज्ञात स्रोतबाट एप डाउनलोड गर्नु, आँफूले प्रयोग गर्ने मोबाइल, ल्यापटप जस्ता उपकरणमा मालवेयर (Malware) प्रवेश गराउनु आदि।

८. **नियमन विपरीत लगानी:** क्रिप्टो, फरेक्स, अनलाइन बेटिङ वा अन्य अवैध योजनाहरूमा आकर्षित हुनु र कानुनले निषेध गरेका व्यवसायमा लगानी गर्नु आदि।

**डिजिटल वित्तीय ठगीबाट बच्ने उपायहरू**

१. **व्यक्तिगत सावधानी:** OTP, PIN, Password, CVV जस्ता संवेदनशील विवरण जोकोहीलाई पनि दिनुहुँदैन, बैंक वा वालेट कम्पनीले फोन गरेर OTP माग्दैनन् भन्ने कुरा सम्झिनुपर्छ, बलियो पासवर्ड प्रयोग गरी नियमित परिवर्तन गर्नुपर्छ र सुरक्षाका लागि दोहोरो प्रमाणीकरण (2FA) प्रयोग गर्नुपर्छ।

२. **सुरक्षित कारोबार:** रकम पठाउनु अघि प्राप्तकर्ताको नाम र खाता नम्बर पुनः जाँच गरी एकिन गर्नुपर्छ, QR Code स्क्यान गर्दा स्रोतको विश्वसनीयता सुनिश्चित गर्नुपर्छ र भरसक सार्वजनिक Wi–Fi प्रयोग गरी बैंकिङ कारोबार गर्नु हुँदैन।

३. **डिजिटल सुरक्षा:** आधिकारिक App Store वा Play Store बाट मात्र एप डाउनलोड गर्नुपर्छ,मोबाइल र कम्प्युटरको Software नियमित अद्यावधिक गर्नुका साथै Antivirus तथा सुरक्षाका उपाय अपनाउनुपर्छ।

४. **सचेतना र प्रमाणिकरण:** आकर्षक अफर, पुरस्कार, चिठ्ठा वा लगानी योजनाको सत्यता जाँच गर्नुपर्छ, अपरिचित लिंकमा क्लिक गर्नु हुँदैन, सामाजिक सञ्जालमा व्यक्तिगत तथा वित्तीय विवरण सार्वजनिक गर्नु हुँदैन र विना कुनै श्रम या लगानी कसैले पनि एक रुपैयाँ दिनेवाला छैन भन्ने कुरा हेक्का राख्नुपर्छ।

५. **बैंक तथा नियामकको सल्लाह पालना:** बैंक तथा नियामकबाट जारी हुने सूचनाहरू नियमित पढ्ने र निर्देशनको पालना गर्ने गर्नुपर्छ, शंकास्पद कारोबार देखिए तुरुन्त बैंकलाई जानकारी दिनुपर्छ र आवश्यक परेमा नजिकैको नेपाल प्रहरीको कार्यालयमा उजुरी गर्नुपर्छ। नेपाल राष्ट्र बैंक तथा आफ्नो खाता भएका बैंकको आधिकारिक सामाजिक सञ्जालमा जोडीई त्यहाँ आउने वित्तीय तथा डिजिटल साक्षरताका सामग्रीको जानकारी लिने गर्नुपर्छ।

नेपालमा डिजिटल बैंकिङ, मोबाइल बैंकिङ, ConnectIPS, QR Payment र ई-वालेटको प्रयोग तीव्र रूपमा बढेसँगै डिजिटल वित्तीय ठगीका घटनाहरू पनि बढिरहेका छन्। तसर्थ यस्ता ठगीबाट बच्न कुनै पनि किसिमको प्रलोभन नपरी सुरक्षित कारोबार गर्नुपर्छ। हामीले "OTP, PIN र Password आफ्नो बैंक खाताको चाबी हो" भन्ने कुरा सधैं ख्याल राख्नुपर्दछ। बैंकका कर्मचारीले KYC Update का लागि भन्दै फोन या इमेल मार्फत विवरण माग्दैनन् भन्ने कुरा ध्यानमा राख्नुपर्दछ र सबैभन्दा मुख्य कुरा आफ्नो मोबाईल वा ईमेलमा आएका कुरा साभार गरी कसैलाई दिनु हुँदैन। ■

# सुनचाँदी पहिचान सम्बन्धी तालिम सम्पन्न



**काठमाडौं, जेठ १३ गते**
राष्ट्रिय वाणिज्य बैंकद्वारा कर्मचारीहरूलाई सुन चाँदी पहिचान सम्बन्धी व्यवहारिक तालिम प्रदान गरिएको छ। उक्त तालिम बैंकको सिकाई तथा विकास विभागद्वारा जेठ १० गते देखि १२ गतेसम्म काठमाडौंमा आयोजना गरिएको थियो। तालिममा बैंकका बागमती प्रादेशिक कार्यालय अन्तर्गतका शाखा कार्यालयहरूमा कार्यरत २० जना खजान्ची (cashier) हरूको सहभागिता रहेको थियो। ■

# Project Financing सम्बन्धी तालिम सम्पन्न



**काठमाडौं, जेठ १९ गते**
राष्ट्रिय वाणिज्य बैंकद्वारा Project Financing सम्बन्धी तालिम प्रदान गरिएको छ। जेठ १७ र १८ गते सम्पन्न उक्त तालिम बैंकको सिकाई तथा विकास विभागद्वारा काठमाडौंमा आयोजना गरिएको थियो। तालिममा बैंकका कर्जासंग सम्बन्धित विभागका विभागीय प्रमुखहरू, पूर्वाधार बैंकिङ विभागका कर्मचारीहरू तथा 'क' वर्गका शाखाका शाखा प्रबन्धकहरू गरी ४० जनाको सहभागीता रहेको थियो। ■

# कर्जा तथा ट्रेड फाइनान्स सम्बन्धी तालिम सम्पन्न



**काठमाडौं, जेठ ३१ गते**
राष्ट्रिय वाणिज्य बैंकद्वारा कर्जाका विभिन्न विषयमा तालिम प्रदान गरिएको छ। बैंकको सिकाई तथा विकास विभागद्वारा जेठ ३० र ३१ गते धुलिखेलमा आयोजित उक्त तालिममा Project Financing, Non Funded Business तथा SME Lending विषयमा प्रशिक्षण दिइएको थियो। तालिममा संस्थागत साना तथा मझौला व्यवसाय कर्जा (CSME) तथा ट्रेड फाइनान्स विभागका गरी कुल ३२ जना कर्मचारीहरूको सहभागीता रहेको थियो। ■

**राष्ट्रिय वाणिज्य बैंकद्वारा...**
धिताललाई चेकबुक हस्तान्तरण गरी शुभारम्भ गर्नुभएको थियो। कार्यक्रममा सिंजा गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत टेक बहादुर शाही, गाउँ कार्यपालिकाको कार्यालय तथा बैंकका कर्मचारी लगायत स्थानीयवासीको उपस्थिति रहेको थियो।

शाखा सञ्चालनमा आएसँगै राष्ट्रिय वाणिज्य बैंकको शाखा संख्या ३१५ पुगेको छ। वि.सं. २०२२ साल माघ १० गते पूर्ण सरकारी स्वामित्वमा स्थापना भएको राष्ट्रिय वाणिज्य बैंकले हाल ७ वटै प्रदेशका ७७ जिल्ला सदरमुकाम सहित दुर्गम क्षेत्रलाई समेत समेट्ने गरी शाखा कार्यालयहरू सञ्चालनमा ल्याएको छ। बैंकले कर्जा, निक्षेप सहित एटिएम, मोबाईल बैंकिङ लगायतका आधुनिक डिजिटल बैंकिङ सेवाहरू उपलब्ध गराईरहेको छ। ■

RBB कृषि कर्जा

RBB Agriculture Loan मार्फत उत्पादन, प्रशोधन र बजारीकरणका लागि सहज कर्जा सुविधा प्राप्त गर्नुहोस्।

## हार्दिक समवेदना

यस बैंकका ट्रेजरी विभागमा कार्यरत प्रबन्धक मुना अधिकारी (११५७१) का ससुरा रेश्मीराज सुवेदी, शाखा कार्यालय सैनामैनामा कार्यरत सहायक (नगद) विष्णु घर्ती (१३२१४) का ससुरा जैमल सिंह भाट, शाखा कार्यालय महेन्द्रनगरमा कार्यरत कनिष्ठ सहायक लोकेन्द्र भट्ट (१०८८३) की आमा बेलु देवी भट्ट र शाखा कार्यालय बरगाछीमा कार्यरत सुरक्षा गार्ड देवेन्द्र बहादुर तिम्सिना (११२७२) की आमा दिर्घ माया तिम्सिनाको केहि समय पहिले निधन भएकोमा दिवंगत आत्माहरूको चिर शान्तीको कामना सहित हार्दिक समवेदना प्रकट गर्दछौं।

राष्ट्रिय वाणिज्य बैंक लि. परिवार

प्रकाशक
राष्ट्रिय वाणिज्य बैंक लिमिटेड
प्रमुख कार्यकारी अधिकृतको कार्यालय
सिंहदरबारप्लाजा, काठमाडौं, फो नः ०१-५७२१२२०, Ext. २४२३
इमेल : rbbnl@rbb.com.np
वेबसाइटः www.rbb.com.np

प्रमुख सल्लाहकार
देवेन्द्र रमण खनाल
प्रमुख कार्यकारी अधिकृत

सह-सम्पादक
रुद्रप्रसाद अधिकारी

सल्लाहकार
पवन रेग्मी
उप-कार्यकारी अधिकृत तथा सूचना अधिकारी

डिजाइन
यदु उपाध्याय